प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०८ ॥ २०८२ जेठ १३ गते मंगलबार (27th May 2025 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# जलथल वन फेरि संकटमा पर्न सक्ने चिन्ता



झापा(प्रस) ।जलथल वनमा जैविक विविधता जोगाउन गरिएका अभ्यासलाई निरन्तरता दिन नसक्ने हो भने वन फेरि संकटमा पर्न सक्ने देखिएको छ ।दक्षिण एसियाकै धनी जलथल वनमा रहेका जैविक विविधतालाई निरन्तर संरक्षण गर्न सकिएन भने अबको १० वर्षपछि वन फेरि पहिलाकै अबस्थामा पुग्ने कुराको चिन्ता छाएको हो । जलथल वनअन्तर्गत चौकी विरान सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाइरहँदा सरोकारवालाहरुले जलथल वनप्रति त्यस्तो गंभीर चिन्ता गरेका हुन् । फरेष्ट एक्सन नेपाल र डिभिजन वन कार्यालयको सहकार्यमा भए गरेका राम्रा अभ्यासहरुलाई निरन्तरता दिनुपर्नेमा जोड दिइएको हो ।

जलथल नेपालको महत्वपूर्ण र विशिष्ट प्रकारको वन हो । देशभर ६ सय प्रजातिका रुख रहेकोमा जलथलमा एकचौथाई भन्दा बढी अर्थात १५५ प्रजातिका रुख पाइन्छन् । त्यस्तै उन्यू ४३ , झारपात २४६ , लता/ लहरा ६४ , बुट्यान ७८ , पाम ४ प्रजातिका पाइन्छन् । त्यस्तै प्राणीमा पुतली १५७ , माछा ४३ , उभयचर १४ , सरिसृप ३२ , चरा २३५ र स्तनधारी २७ प्रकारका भेटिएका छन् । त्यस्तै ढुसी / च्याउ ८४ प्रकारको भेटिएको छ । पूर्वी तराईमा मूल वनबाट छुट्टिएको सबैभन्दा ठूलो वनखण्ड जलथल ५९० वनस्पति र ३५१ मेरुदण्ड भएका प्रजातिहरुको बासस्थान भएको अध्ययनले देखाएको छ । त्यस्तै दक्षिणपूर्वी एसियाका महत्वपूर्ण वनस्पतिका प्रजातिहरु , उष्ण प्रदेशीय सदाबहार बुच्काहरु , नेपालमा लटहरको सबैभन्दा ठूलो वन , तराईमा थाकलको प्राकृतिक थलो र १३ वटा संकटापन्न प्रजातिको बासस्थान जस्ता विशेषता जलथल वनमा रहेको छ । प्राकृतिक संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ (आइयुसीएन) ले सूचीकृत गरेको वनस्पति अनौकाठ , थाकल , रातो शिरीष , प्राणीहरु हात्ती , लाम्चे कछुवा , सालक जलथलमा रहेका छन् । त्यस्तै जलथल वनमा दुर्लभ भोटे लहरा पनि भेटिएको छ । फरेष्ट एक्सनले सिकाएका अभ्यासहरुलाई गरेर देखाउनु पर्ने अवसर आएको हल्दिवारी गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देनले बताए । उनले विगतमा कसरी वनलाई बचायौं अब कसरी बचाउन सकिन्छ भनेर सबैजना लाग्नुपर्नेमा जोड दिए । जलथल वनलाई व्यवस्थित बनाउन हल्दिवारी गाउँपालिकाले केही बजेट छुट्याएको जानकारी दिए । फरेष्ट एक्सन नेपालका संयोजक डा. लीलानाथ शर्माले सबैको आडमा जलथल वन अडिएको भन्दै वास्ता नगर्ने हो भने वन नरहन सक्नेतर्फ सचेत गराए । जैविक विविधता संरक्षणका लागि यहाँका सामुदायिक वनहरुले न्याय गर्न नसकिरहेको गुनासो गर्दै अहिले पनि चिन्ताजनक अबस्था रहेको औल्याए । फरेष्ट एक्सन नेपाल र डिभिजन वन कार्यालयले गरेर नहुने भन्दै उनले सामुदायिक वनहरु नै संरक्षणमा लाग्नुपर्ने बताए ।

जलथलमा रहेका सामुदायिक वनहरुले सहकार्य गरेर अगाडि बढ्नुपर्ने उनको जोड थियो । डिभिजन वन कार्यालयका प्रमुख भरतबाबु श्रेष्ठले जलथल वनमा रहेका जैविक विविधताको महत्व बुझ्न उपभोक्ताहरुलाई आग्रह गरे । मानिसको जीवनयापनको सम्पूर्ण स्रोत जैविक विविधतामा निहित रहेको उनको भनाई थियो । राम्रा अभ्यासलाई निरन्तरता दिन सकेनौं भने जैविक विविधतालाई संरक्षण गर्न नसक्ने निष्कर्ष निकाल्दै कार्यक्रमका सहभागीहरुले स्थानीय उपभोक्ताहरु नै त्यसमा लाग्नुपर्नेमा जोड दिएका छन् ।

# चोरीमा संलग्न थप चारजना पक्राउ




झापा(प्रस) ।मोटरसाइकल र अटो चोरीमा संलग्न थप चारजनालाई बिर्तामोड प्रहरीले पक्राउ गरेको छ । यसअघि चारजनाको गिरोह पक्राउ परेपछि थप चारजनालाई पक्राउ गरिएको हो ।

पछिल्लो समय पक्राउ पर्नेहरुमा बिर्तामोड नगरपालिका ३ बस्ने २८ वर्षीय बलराम साह , मेचीनगर नगरपालिका वडा न. १४ दुवागढी बस्ने ४० वर्षीय फुल महमद र झापा गाउँपालिका वडा न. ५ वस्ने २६ वर्षीय अरमान अली रहेका छन् ।

जेठ ८ गते साँझ ७.५ बजे प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी सहायक निरीक्षक पदम बिष्टको टोलीले बिर्तामोड ३ दरबार चोकमा मे ७ प २४०८ नं. को मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा उक्त नम्बरको मोटरसाइकलको कागजपत्र नभएकोले मोटरसाइकल चालक साहलाई नियन्त्रणमा लिएको थियो । उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ। गत माघ १७ गते दिउँसो ३:३० बजे बिर्तामोडको कन्काई अस्पताल अगाडीबाट बिर्तामोड वडा न. १० वस्ने विकास सिटौलाको होण्डा कम्पनीको सो मोटरसाइकल पार्किङ गरेको ठाउँबाट चोरी भएको थियो । पक्राउ परेका साहले उक्त मोटरसाइकल फुल महमदले दिएको बताएका थिए । फुल महमदलाई पक्राउ गरि सोधपुछ गर्दा उक्त मोटरसाइकल अरमान अलीले दिएको बताएपछि महमद र अली दुवैलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए ।

त्यस्तै चोरीको अटोसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । जेठ ५ गते साँझ ७:५० बजे बिर्तामोड ४ मैनाली गेटमा कचनकवल ४ घर भई हाल बिर्तामोड ४ मा डेरा गरी बस्ने ३४ वर्षीय दिलिप माझी मे १ ह ६७५३ नम्बरको निलो रङ्गको अटोसहित पक्राउ परेका हुन् । उनले ४ महिना अगाडी बिर्तामोड ३ बस्ने २८ वर्षीय रंजित राजवंशीसंग कागजपत्र बिनाको सो अटो खरिद गरी चलाइरहेका थिए ।
यसअघि रंजित राजवंशी उनका दुई भाइहरु बिर्तामोड- ३ सैनिकमोड बस्ने २६ वर्षीय प्रदिप राजवंशी , २० वर्षीय कुमार राजवंशी र बिर्तामोड वडा नं. ७ मियाबारी बस्ने २७ वर्षीय जागिर आलमसहित पक्राउ परेका थिए । चोरीको तीनवटा मोटरसाइकल र एउटा अटोसहित उनीहरुलाई प्रहरीले पक्राउ गरेको थियो ।

# पूर्व राजा शाहको स्वागतमा नबोलाएपछि ....



झापा(प्रस) । पूर्व राजा ज्ञानेन्द्र शाह झापा आउँदा राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समिति झापाका संयोजक टेकनारायण राजवंशीलाई समेत स्वागतका लागि चन्द्रगढी विमानस्थलमा बोलाइएन ।
उनले पूर्व राजा शाह झापा आउने कुरा शनिवार संचारमाध्यमबाट थाहा पाएर शाहका निजी सचिवलाई सोधेका थिए । तर ती सचिवले ढाँटिदिए । यसरी नबोलाएको कार्यक्रममा जान मनासिव नहुने ठानेर उनी आइतवार चन्द्रगढी विमानस्थलमा स्वागतका लागि गएनन् । उनीजस्ता कट्टर राजावादीसंगै राजसंस्था पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरु पनि स्वागतमा देखिएनन् । शाहको सचिवालयले उनीहरुलाई खबर नै गरेन ।
करिव १०-१२ जना मात्र पूर्व राजाको स्वागतमा सरिक देखिएको एक प्रहरी अधिकारीले बताए । ‘ स्वागतका लागि जाने इच्छा थियो ’ पूर्व सहायक मन्त्रीसमेत रहेका राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समितिका संयोजक राजवंशीले भने ,‘ नबोलाएको ठाउँमा जान उचित लागेन र गइनँ । ’ नबोलाएपनि जाने इच्छा राखेका राजवंशीलाई पूर्व राजाका सचिवले ढाँटेकोमा मन दुखेको छ ।

राजावादीहरुले यही जेठ १५ गतेदेखि राजधानीमा अनिश्चितकालीन आन्दोलन गर्ने तयारी गरिरहेका बेला पूर्व राजा शाह आइतवार साँझ झापा आइपुगेका हुन् । पूर्व राजा शाह ,भतिजी सिताष्मा शाह, छोरी प्रेरणा शाहसहित झापा आइपुगेका हुन् । साँझ ५.३० बजे चन्द्रगढी बिमानस्थलमा अवतरण गरी उनी बा २१ च ७३१८ नं को गाडीबाट दमक प्रस्थान गरेका छन् । उनी दुई हप्ते बसाइँका लागि झापा आएका हुन् । दमक ९ स्थित हिमालयन महालक्ष्मी

❖ बाँकी तेस्रो पृष्ठमा

# एकैदिनमा गणतन्त्र समाप्त हुन्छः लिङ्देन

झापा(प्रस) । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले लाखौं जनता सडकमा आए एकै दिनमा गणतन्त्र समाप्त हुने बताएका छन्। सोमबार काठमाडौंमा आयोजित युवासँग राप्रपा कार्यक्रममा लिङ्देनले भारतमा १९० वर्ष पुरानो ब्रिटिस शासन भद्र अवज्ञाको बाटोबाटै अन्त्य भएको उदाहरण दिँदै दुई दशक नपुगेको गणतन्त्र लाखौं जनता सडकमा आए एकै दिनमा समाप्त हुने बताए। भद्र अवज्ञा, सत्याग्रह र शान्तिपूर्ण आन्दोलनबाट अहिलेको व्यवस्थालाई हटाएर छाड्ने उनको भनाइ छ। अध्यक्ष लिङ्देनले अहिलेको व्यवस्थाप्रति जनतामा चरम असन्तुष्टि रहेको भन्दै यही अवस्था रहे वर्षौंसम्म पनि अनुभूति हुनेगरीको परिवर्तन महसुस गर्न नपाउने बताए।
उनले देश बिग्रिए केपी ओली, शेरबहादुर देउवा वा प्रचण्डको केही नबिग्रने तर युवाहरू भविष्य भने बिग्रने भएकाले युवाहरू नै सचेत भएर अघि बढ्नुपर्नेमा जोड दिए। अध्यक्ष लिङ्दनेले अहिलेका दलबाट देश थप जटिल अवस्थामा पुग्ने भएकाले समयमा नै व्यवस्था परिवर्तन गर्नुपर्ने बताए।
यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री केपी शर्मा

❖ बाँकी तेस्रो पृष्ठमा

# रोयल इन्फिल्ड मोटरसाइकल चोरी गर्ने दुई पक्राउ



झापा(प्रस) ।इलाममा रोयल इन्फिल्ड मोटरसाइकल चोरी गर्ने दुईजना पक्राउ परेका छन् ।
आइतवार राति ८.१५ बजे इलाम नगरपालिका -७ टुँडिखेलस्थित नाङलो रेष्टुरेन्ट अगाडीबाट १७२४ नं.को कालो रंगको रोयल इन्फिल्ड मोटरसाइकल चोरी गर्नेहरु पक्राउ परेका हुन् ।

पक्राउ पर्नेहरुमा इलाम नगरपालिका ८ बस्ने २० वर्षीय सुमन तामाङ र सोही ठाउँ बस्ने २८ वर्षीय भुपेन्द्र कडरिया रहेका छन् ।
मोटरसाइकल चोरी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय इलाममा खबर प्राप्त हुनसाथ ट्राफिक प्रहरी र जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको प्रहरी टोलीले राति ८.३५ बजे इलाम ८ तिलकेनीबाट मोटरसाइकलसहित मोटरसाइकल चालक तामाङ र पछाडी सवार कडरियालाई पक्राउ गरेको हो ।

तामाङलाई उनको घरबाट राति ९.३५ बजे जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको टोलीले नियन्त्रणमा लिएको डीएसपी मानबहादुर राईले बताए । उनले दुवैलाई जिल्ला अदालत इलामबाट ७ दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# माओवादीले माग्यो गृहमन्त्रीको राजीनामा



झापा(प्रस) । प्रमुख प्रतिपक्ष माओवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान सुरु गरेको भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्ने निर्णय गरेको छ। अख्तियारले भिजिट भिसा प्रकरणमा अध्यागमनका कर्मचारीमाथि अनुसन्धान सुरु गरेकाले त्यसको नैतिक जिम्मेवारी गृहमन्त्री लेखकले लिनुपर्ने माओवादीको भनाइ छ।

माओवादीको सोमबार बसेको पदाधिकारी बैठकले भिजिट भिसाको सेटिङले मुलुकको साखमा आँच आएको भन्दै नैतिकताका आधारमा गृहमन्त्री लेखकले राजीनामा दिन संसद्बाट दबाब दिने निर्णय गरेको छ ।

प्रमुख प्रतिपक्ष दलको हैसियतले भिजिट भिसा प्रकरणमा विपक्षी दलसँग छलफल गरी मंगलबार बस्ने संसद्को बैठकमा प्रस्तुत हुने निर्णय गरेको छ ।'सबै विपक्षीसँग सल्लाह गरेर राजीनामा माग गर्ने निर्णय भएको छ । यस्ता घटनाहरू नजरअन्दाज गर्दै राष्ट्रको साख गिर्ने भएको हुनाले गृहमन्त्रीको राजीनामा माग गर्ने निर्णय भएको छ,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, 'भिजिट भिसा प्रकरण मानव तस्करीसँग जोडिएको छ । यसलाई हाम्रो पार्टीले गम्भीरतापूर्वक लिएको छ ।'

विपक्षीले पहिलो चरणमा संसद् बाट गृहमन्त्रीको राजीनामा माग गर्ने, राजीनामा नदिए संसद् अवरुद्ध गर्नेसम्मका कार्यक्रम गर्ने तयारी गरेको छ । 'पहिलो चरणमा राजीनामा माग गर्ने, भएन भने के के गर्नुपर्छ कार्यक्रम बनाइनेछ,' सापकोटाले भने ।

सचिवालय बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले गृहमन्त्री लेखकले राजीनामा दिएपछि यसमा मुछिएका कर्मचारीको निष्पक्ष छानबिन हुनसक्ने बताएका थिए । 'गृहमन्त्री रहिरहने, कर्मचारीको निष्पक्ष छानबिन हुन सक्दैन' दाहालको भनाइ थियो ।

माओवादी संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले संसद्मा प्रस्तुत हुने विषय तय हुन बाँकी रहेको बताए । आगामी आर्थिक वर्षका बजेट ल्याउने दिन जेठ १५ अघि विपक्षले भिजिट भिसा प्रकरणमा सरकारमाथि दबाब सिर्जना गर्ने तयारी गरेका छन् । माओवादीको पहलमा विपक्षीको बैठक गर्ने तयारी छ ।

भिसा प्रकरणमा विमानस्थल अध्यागमन प्रमुख तीर्थराज भट्टराईमाथि अख्तियारले अनुसन्धान सुरु गरको छ । मानव तस्करको सेटिङमा भिजिट भिसामा असुली धन्दा चलाएको प्रकरणमा विमानस्थल अध्यागमन प्रमुख भट्टराईसहित गिरोहमा काम गर्ने तीन जनालाई अख्तियारले बुधबार पक्राउ गरेको थियो ।

चारै जनाबाट अख्तियारले मोबाइल, ल्यापटप तथा अन्य कागजात पनि नियन्त्रणमा लिएको छ । आरोपितलाई भने तारेखमा छाडेको छ ।

उता भ्रष्टाचार र अनियमिततामा संलग्न रहेको भनी प्रश्न उठेका मन्त्रीहरूलाई हटाउनुपर्ने माग राखेका नेताहरूलाई स्पष्टीकरण सोध्नुपर्ने भनी कांग्रेस सांसद तथा पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टी बैठकमा माग गरेपछि पार्टीभित्रै आलोचना सुरु भएको छ ।

कांग्रेस सांसद राजेन्द्र बजगाईंलले सामाजिक संजालमार्फत स्पष्टीकरण शशांक कोइरालालाई सोध्नुपर्ने भनी माग गरेका छन् ।

उपहार र राजनीतिक पदको सौदाबाजीका कुरा उठाउँदै बजगाईंले स्पष्टीकरण डा. कोइरालालाई सोध्नुपर्ने माग गरेका हुन् । 'म चाहँदैनथैं कि मलाई किया र दुईवटा महिन्द्राजस्ता एसयूभी उपहारहरू, सुनको रोलेक्स घडी, नगदले भरिएका डफेल झोलाहरू, तथाकथित 'घरको जीर्णोद्धार' वा राजनीतिक पदहरूको सौदाबाजीबारे प्रश्न उठाउनुपरोस् । तर याद राख्नुहोस्, स्पष्टीकरण तपाईंलाई सोधिनै पर्नेछ,' उनले सामाजिक संजालमा भनेका छन् ।

मन्त्रीहरूमाथि प्रश्न उठाउने नेताहरूलाई शशांक कोइरालाले स्पष्टीकरण सोध्नुपर्ने भनी पार्टीको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकमा माग गरेका थिए । सांसदहरू डा. शेखर कोइराला, डा. सुनील शर्मा र बजगाईंलाई स्पष्टीकरण सोध्नुपर्ने माग गरेका थिए । उक्त विषयमा बजगाईंले भने, 'हामी भ्रष्टाचार विरोधी कुरा गरिरहेका छौं । भ्रष्टाचार भयो अथवा भिजिट भिसाको बारेमा कुरा गरेपछि त शभ्य, शालीन भएर पार्टी सभापतिलाई चिठी लेखेको थिए । भ्रष्टाचारबारे कुरा गर्दा उल्टो प्रष्टिकरण सोध्छु भन्ने ? बाहिर आएर पनि उक्त कुरा बताउने तर उहाँ प्रवक्ता होइन,' उनले भने, 'भ्रष्टाचार विरोधी कुरा गर्दा प्रष्टिकरण सोध्ने मान्छेले गिफ्ट लिन मिल्छ ? मिल्ट भन्ने मान्छे भ्रष्टाचारको पक्षधर हो ।'

शेखर कोइरालालगायतले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकमाथि प्रश्न उठाउँदै राजीनामा गर्नुपर्ने माग गरेका थिए ।

# १२ वर्षीया बालिकाद्वारा आत्महत्या

झापा(प्रस) । इलाममा फेरि एक १२ वर्षीया बालिकाले झुन्डिएर आत्महत्या गरेकी छन् । सोमवार साँझ

६:४० बजे इलाम माई नगरपालिका ७ स्थित हेलाङ्गी डाँडा बस्ने कृतिबिक्रम सदेम्बा राईकी छोरी १२ वर्षीया शिखा सदेम्बा राईले घरमा कोही नभएको अवस्थामा आत्महत्या गरेकी हुन् । काठको बेरा र टिनको छानो भएको एकतले घरको आफ्नै सुत्ने कोठाको काठको बिममा उनले तन्नाको पासो लगाएकी हुन् । उनी मृत अवस्थामा फेला परेको प्रहरी चौकी महमाईमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी टोली जाने तयारी भइरहेको जनाइएको छ ।

यसअघि गत बैशाख २९ गते इलाम नगरपालिका- ११ निन्दाखु बस्ने मेघराज नेपालकी छोरी १२ वर्षीया सेविका नेपालले पनि झुन्डिएर आत्महत्या गरेकी थिइन् ।

यता जेठ ८ गते झापा कचनकवल गाउँपालिका १ भेलामुनी बस्ने जयसिंह राजवंशीका छोरा १३ वर्षीय बेदनारायण राजवंशीले आफ्नै घरको सुत्ने कोठामा बाँसको बलोमा प्लास्टिकको डोरीको पासो लगाई आत्महत्या गरेका थिए । युवायुवतीसंगै बालबालिकाहरुले आत्महत्या गर्ने क्रम बढेको छ । यो उमेरमा बालबालिकाहरुले जिद्धि गर्ने, मनमा लागेको कुरा पूरा भइहाल्नुपर्ने हुन्छ । यदि पूरा भएन भने उनीहरुले आत्महत्या गर्न सक्ने देखिएको छ ।

# श्रीमानको कुटाइबाट श्रीमतीको मृत्यु

झापा(प्रस) । पाँचथरमा श्रीमानको कुटाइबाट श्रीमतीको मृत्यु भएको छ ।

पाँचथर याङवरक गाउँपालिका- ५ दाहाल गाउँ बस्ने कृष्ण लिङ्देनको कुटाइबाट उनकी श्रीमती ४० वर्षीया सम्झना भट्टराईको मृत्यु भएको हो । गत बैशाख ३ गते बिहान ३ बजे लिङ्देनले घरायसी विवाद हुँदा श्रीमती सम्झनालाई कुटपिट गरी घाइते बनाएका थिए । जिल्ला अस्पताल फिदिममा सामान्य उपचारपश्चात् घाइतेलाई थप उपचारको लागि बिपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान लगिएको थियो ।

आइतवार राति १२.२० बजे धरानमै उपचारको क्रममा सम्झनाको मृत्यु भएको हो ।

मृतकको शव सोही अस्पतालको शवगृहमा राखिएको र श्रीमतीलाई कुटपिट गर्ने लिङ्देनलाई अस्पतालबाटै नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धरानमा राखिएको प्रहरीले जनाएको छ ।

# ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा २ जनाको मृत्यु



झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-६ फूलचोकमा तीनजना सवार मोटरसाइकललाई ट्र्याक्टरले ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । सोमवार दिउँसो १२.५५ बजे फुलचोकस्थित पूर्वपश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्र. ०१-०२-००३ त ९०२ नं. को ट्र्याक्टरले विपरित दिशाबाट जाँदै गरेको प्र.१-०२-०५५ प ६२९६ नं. को मोटरसाइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा इनरूवा नगरपालिका-१० जाल्पापुरका २० वर्षीय सर्फराज अन्सारी र हरिनगरा गाउँपालिका-१ का महजित अन्सारीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जानकारी दिएको छ । उनीहरू दुवैको सप्तकोशी न्युरो अस्पताल सुनसरीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा इनरुवा-१० जाल्पापुरका २० वर्षीय साहेब अन्सारी घाइते भएका छन् । घाइते अन्सारीको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले जानकारी दिए । ट्र्याक्टर चालक भोक्राहा नरसिंह गाउँपालिका-३ बस्ने ४६ वर्षीय सुब्दीराम चमारलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको खतिवडाले जानकारी दिए ।

# रजिस्ट्रेसन फाराम भर्ने म्याद पुनः थप

झापा(प्रस) । माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा सहभागी हुन चाहने विद्यार्थीका लागि रजिस्ट्रेसन फाराम भर्ने म्याद पुनः थप गरिएको छ। परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुरले यसअघि वैशाख १२ गते प्रकाशित सूचनामार्फत जेठ ११ गतेलाई अन्तिम म्याद तोकेको थियो।




तर विद्यालय, विद्यार्थी तथा अभिभावकहरूबाट आएको मागको सम्बोधनस्वरूप उक्त म्यादलाई जेठ ३० गतेसम्म कायम हुने गरी थप गरिएको छ। यस अन्तर्गत विद्यालयहरूले विद्यार्थीको फाराम संकलन गरी तोकिएको शुल्क बुझाएर प्राप्त भौचरसहित असार ८ गते आइतबारसम्म सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पेश गर्नु पर्नेछ।

यसका अतिरिक्त, रजिस्ट्रेसन फारामसम्बन्धी अन्य कार्यतालिका भने अघिल्लो सूचनाअनुसार नै यथावत् रहने सोमबार बोर्डले जारी गरेको सूचनामा उल्लेख छ ।



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३. | बबिता राई | बिर्तामोड-५ | धन बहादुर राई | सर्मन राई | गोपाल कुमार सुनुवार | गोपाल कुमार सुनुवार, बबिता राई | राई बहादुर सुनुवार धन बहादुर राई | तोपगाछी-४ अनारमनी-३ | १९१९, २०५ | ६७७.१७ २२४.३२ | बिर्तामोड |
| ३४. | मनोज भट्टराई | मेचीनगर-१४ | बद्रिनाथ भट्टराई | देवी प्रसाद भट्टराई | बिना भट्टराई | मनोज भट्टराई | बद्रिनाथ भट्टराई | दुवागढी-९ | ३३१ | ०-६-१० | बिर्तामोड |
| ३५. | नरेन्द्र मैनाली | बिर्तामोड-५ | धनपति मैनाली | छविलाल मैनाली | मुना उप्रेती | नरेन्द्र मैनाली | धनपति मैनाली | दुवागढी-३ | १५३३ | ३५९७.९३ | बिर्तामोड |
| ३६. | कृष्ण प्रसाद निरौला | कनकाई न.पा.३ | गुरु प्रसाद निरौला | दधिराम निरौला | राधादेवी निरौला | कृष्ण प्रसाद निरौला | गुरु प्रसाद निरौला | शिवगञ्ज -७ | ५१ | ०-३-१०-० | बिर्तामोड |
| ३७. | हरि कुमार दियाली | बिर्तामोड-६ | चन्द्र बहादुर विश्वकर्मा | मनबिर विश्वकर्मा | मनमाया विश्वकर्मा | हरि कुमार दियाली | चन्द्र बहादुर विश्वकर्मा | पृथ्वीनगर-२३ | २३ | १०३५ | बिर्तामोड |
| ३८. | हरि विक्रम कुमाल | अर्जुनधारा२ | खड्ग बहादुर कुमाल | भिम बहादुर कुमाल | सविता उप्रेती | खड्ग बहादुर कुमाल | भिम बहादुर कुमाल | झापा बुधवारे १क | २३१८, २३२० | ०-०-१६-०, ०-१-४-० | खुदुनावारी |
| ३९. | होमनाथ दुलाल | अर्जुनधारा ३ | विष्णु प्रसाद दुलाल | देव प्रसाद दुलाल | निर्मला दुलाल | निर्मला /होमनाथ दुलाल | रविलाल कोइराला/विष्णु प्रसाद दुलाल | झापा पाराखोपी ४ | २४६०, २४६१, १६१६ | ०-०-१०-०, ०-१-१०-०, ०-६-१२.५-० | खुदुनावारी |
| ४०. | घनश्याम भण्डारी | बिर्तामोड-७ | मुक्तिनाथ भण्डारी | देवी प्रसाद भण्डारी | निर्मला देवी घिमिरे | मुक्तीनाथ भण्डारी | देवी प्रसाद भण्डारी | गरामनी-१ | २५९० | २७०९.०४ व.मी | गरामनी |
| ४१. | तारा सार्की | विर्तामोड-८ | विरमान सार्की | मानविर सार्की | तारा सार्की दल वहादुर सार्की फुल माया सार्की | विरमान सार्की पहल मान सार्की वल वहादुर सार्की | गरामनी-५ हल्दिवारी-८ हल्दिवारी-८ | १५०० २९,४३ १९५१,२०७४ | १६९.३२ १६५९.२६,१४०५.३१ ८४६.६०,२६६.६८ | तारा सार्की दल वहादुर सार्की फुल माया सार्की | गरामनी |
| ४२. | नर प्रसाद श्रेष्ठ | विर्तामोड १० | दल बहादुर श्रेष्ठ | नन्दलाल श्रेष्ठ | गोमा देवी श्रेष्ठ | मदन कुमारी प्रधान श्रेष्ठ | धन बहादुर प्रधान | गरामनी-९ | २०४ २१२ | ३७९० व.मि. ३३४० व.मि. | सैनिक बजार |
| ४३. | शिव नारायण चौधरी | विर्तामोड १० | रविलाल चौधरी | अमरलाल चौधरी | दुर्गा देवी दुलाल चौधरी | शिव नारायण चौधरी | रविलाल चौधरी | गरामनी-९ | २४५ | १५५ व.मि. | सैनिक बजार |
| ४४. | कपिल राई | विर्तामोड १० | धन बहादुर राई | खासवर्न राई | इन्द्र कुमारी नेम्वाङ्ग राई | कपिल राई | धन बहादुर राई | गरामनी-९ | १०८० | १३५४ व.मि | सैनिक बजार |
| ४५. | शान्तिराम विश्वकर्मा | विर्तामोड ५ | डिल्ली प्रसाद विश्वकर्मा | रविलाल विश्वकर्मा | निरमाया गहते | शान्तिराम विश्वकर्मा निरमाया गहते | डिल्ली प्रसाद विश्वकर्मा हरि बहादुर गहते | झापा पाराखोपी ६ झापा पाराखोपी ६ | ११३२५,११३२७, ११३२९ ७१६० १९४९० ७१६२ ११३२८ ११३२३ ११३२६ १९४९२ | ०-०-५-०, ०-०-३-० ०-०-१३-०- ०-०-११-० ०-०-१५-० ०-१-०-० ०-०-१६-० ०-०-४-० ०-०-१०-० ०-०-७-० | महानन्द चौक |
| ४६. | निरकला श्रेष्ठ | अर्जुनधारा ६ | गुरु दत्त दहाल | | सम्मान श्रेष्ठ | निरकला श्रेष्ठ | गुरु दत्त दहाल | झापा घैलाडुब्बा ९ | ४२२९ | ०-१-०-० | महानन्द चौक |
| ४७. | विष्णु माया खत्री | विर्तामोड ५ | प्रेम बहादुर खत्री | चन्द्र बहादुर खत्री | भक्त बहादुर गोदार | विष्णु माया खत्री | प्रेम बहादुर खत्री | शनिश्चरे ३ | ८३०४ | ०-०-११.२५-० | महानन्द चौक |
| ४८. | उमेश शाह | अर्जुनधारा ७ | रघुनाथ शाह | झमेली शाह | प्रिती कुमारी शाह | उमेश शाह | रघुनाथ शाह | पाराखोपी ९ | ८७४ , ८७२ | ०-०-२-०, ०-०-८-० | शनिश्चरे |
| ४९. | खगेन्द्र प्रसाद सापकोटा | अर्जुनधारा ७ | हरिभक्त सापकोटा | हरि नारायण सापकोटा | कृष्ण देवी सापकोटा | कृष्ण देवी सापकोटा | महा प्रसाद सन्जेल | पाराखोपी २ | ६२८ | ०-१-१०-० | शनिश्चरे |
| ५०. | चुन्नी शाह | अर्जुनधारा ८ | सुका शाह | नन्दलाल शाह | सन्तोष गुप्ता | सन्तोष गुप्ता | देवनाथ प्रसाद गुप्ता | शनिश्चरे २ | ४२७५ , ४२७३ | ०-०-३.५-० , ०-०-३.५-० | शनिश्चरे |
| ५१. | नर देवी तामाङ | अर्जुनधारा ११ | कर्ण बहादुर तामाङ | भिम बहादुर तामाङ | विर बहादुर तामाङ | देवी माया तामाङ | मन बहादुर तामाङ | तोपगाछी ४ | ३९१ , ३९० | ०-०-१४-० , ०-४-६-० | शनिश्चरे |
| ५२. | दल बहादुर भन्ने गोबिन्द कार्की | बिर्तामोड-४ | लोक बहादुर कार्की | जमानसिंह कार्की | खड्ग कुमारी भट्टराई | दल बहादुर भन्ने गोबिन्द कार्की खड्ग कुमारी भट्टराई | लोक बहादुर कार्की श्री कुमार भट्टराई | अनारमनी-४ गरामनी ९ | २५६ १५४ १६४२ | २०.०० १७०.०० ७१११.४३ | सैनिकमोड |
| ५३. | खड्ग कुमारी भट्टराई | बिर्तामोड-४ | श्री कुमार भट्टराई | नन्दी केशर भट्टराई | दल बहादुर भन्ने गोबिन्द कार्की | दल बहादुर भन्ने गोबिन्द कार्की खड्ग कुमारी भट्टराई | लोक बहादुर कार्की श्री कुमार भट्टराई | दुवागढी ९ शिवगन्ज ७ | १७७९ १७७७ १८०५ १७७८ १७९९ १७९४ १७७६ १७९८ १७९६ १७८० १७९७ १७७५ १७८४ १७८२ १७८१ १७७२ १७८३ १७७४ १७९५ २२७०७ २२६८४ | ११४.२८ ११४.२८ १३२०.६३ ११८.५१ २२०.०९ ९३.११ १०१.५८ २१५.८६ १०१.५८ १८२.०० ११८.५१ २७९.३४ २४९.७२ ९०.३५ १०१.५८ ११८.५१ ९७.३५ ११०.०५ १०१.५८ २२०.१२ १६५.०९ | सैनिकमोड |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
बचत तथा ऋण व्यवसायगत उपसमिति,
प्रधान कार्यालय,चारआली,झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# प्रधानमन्त्री नै अराजक

राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री केपी शर्मा ओलीको उत्तेजनापूर्ण अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। आयोगले जिम्मेवार व्यक्तिले आफ्नो अभिव्यक्ति दिँदा संयमित हुन, अरु व्यक्ति, समूह वा पार्टीलक्षित नकारात्मक टीका टिप्पणी नगर्न, सुरक्षा निकायले राजधानीलगायतका क्षेत्रको शान्तिसुरक्षालाई मजबूत बनाउन तथा आफ्ना विरोध र प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आग्रह गरेको छ।

ओलीको यो अभिव्यक्ति हिंसा प्रेरित रहेको छ । सुरक्षा मामिला जानकारहरूले पनि प्रधानमन्त्रीको अभिव्यक्तिले हिंसा भड्काउन सक्ने चिन्ता प्रकट गरेका छन् । प्रधानमन्त्रीको अभिव्यक्ति हिंसा र मुठभेड उक्साउने किसिमको रहेको पूर्वडीआईजी हेमन्त मल्ल बताउँछन्। कार्यकर्तालाई काठमाडौं नियन्त्रणमा लिनू भन्ने निर्देशन भिडाउने मनस्थितिबाट आएको उनी बताउँछन्। प्रधानमन्त्रीको कुर्सीमा बसेर यस्तो बोली बोल्न नमिल्ने उनको मत छ ।

'प्रधानमन्त्री सबैको अभिभावक हो। कहिँ सुनुवाइ नभएपछि माग राख्ने ठाउँ सडक नै हो। सडकमा कोही उत्रियो भने शान्ति सुव्यवस्था कामय गर्ने जिम्मेवारी गृह प्रशासनको हो । सुरक्षा चुनौती खडा भए गृह प्रशासनलाई निर्देशन दिनुपर्ने ठाउँमा कार्यकर्तालाई काठमाडौं नियन्त्रणमा लिनू भनेर उहाँले आन्दोलनकारीलाई उक्साउने काम गर्नुभयो । उहाँका यस्ता बोलीले भिडन्त निम्त्याउने जोखिम उच्च हुन्छ,' मल्लले भने ।

मल्लको भनाइसँग अर्का सुरक्षा मामिलाका जानकार उत्तम कार्की पनि सहमत छन् । पूर्वडीआइजी उत्तम कार्की प्रधानमन्त्रीको अभिव्यक्ति अराजक र हिंसा प्रेरित रहेको बताउँछन् । राज्य संन्यत्रमा बस्नेले शान्ति सुव्यवस्था कायममा ध्यान दिनुपर्नेमा भिडन्त निम्त्याउन खोज्नु गैरजिम्मेवारी रहेको उनको मत छ । एमाले कार्यकर्तालाई काठमाडौं नियन्त्रणमा लिने उर्दी दिएका प्रधानमन्त्रीलाई उनी सोध्छन्, 'राप्रपा, रास्वपा, माओवादी वा अन्य कुनै दलले काठमाडौं नियन्त्रणमा लिने खोजे भने के हुन्छ ? पार्टी विशेषको नियन्त्रणमा मुलुकको भूगोल हुनसक्छ? यस्तो अराजकता उक्साउन मिल्छ?'

राज्यसंयन्त्रमा बसेकाले नागरिकलाई शान्ति सुव्यवस्थाको सुनिश्चतता गर्छु भन्नुपर्नेमा उल्टै मुठभेड निम्त्याउन खोज्नु अराजकता रहेको उनको भनाइ छ । 'आन्दोलनकारीको चरित्र अलि अराजक नै हुन्छ। प्रधानमन्त्रीको कुर्सीमा बसेर अराजकतालाई प्रेरित गर्ने अभिव्यक्ति दिनु लोकतान्त्रिक शासनको मर्यादाभित्र पर्दैन । हिंसा भड्काउने मनस्थितिले यो अभिव्यक्ति आएको छ,' उनले भने । वास्तवमा यस्तो अभिव्यक्ति आउनु दुखद हो। यदि सो दिन कुनै अप्रिय घटना भए सम्पूर्ण जिम्मेवारी ओलीले नै लिनु पर्ने छ ।

Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संवैधानिक निकायको गरिमा



• रामजी दाहाल

निर्वाचन आयोगको प्रमुख आयुक्त पद रिक्त भएको एक महिनाभन्दा बढी भइसकेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त, थारू, मधेशी, मुस्लिम र राष्ट्रिय समावेशी आयोगका छ वटा प्रमुख पद रिक्त छन् । राष्ट्रिय समावेशी आयोगमा दुईसहित निर्वाचन आयोग, महिला आयोग, प्राकृतिक स्रोत तथा वित्त आयोग र मुस्लिम आयोगमा एक/एक सदस्य गरी थप छ वटा पद रिक्त छन् ।

यही रिक्तताका बिच प्रतिनिधि सभाको राज्यव्यवस्था तथा सुशासन समितिले २ जेठमा सर्वसम्मतिबाट पारित गरेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी विधेयकमा अवकाश र पुनर्नियुक्तिको अवधि (कुलिङ पिरियड) दुई वर्ष राख्ने उल्लेख छ । विधेयकमा उल्लेख गरिएको यस्तो व्यवस्थाका कारण सचिव वा मुख्य सचिवमा बहाल रहँदा वा अवकाश पाएलगत्तै संवैधानिक आयोग वा राजदूतलगायत अन्य नियुक्तिको ढोका बन्द हुने भएपछि छटपटी सुरु भएको छ ।

संवैधानिक आयोगका रिक्त त्यस्ता पदमा मुख्य सचिव वा सचिवबाट राजीनामा दिएर वा अवकाश पाएलगत्तै नियुक्ति गरिएका प्रशस्त दृष्टान्त छन् । २०७५ साउन २० सम्म पदावधि कायम रहेका तत्कालीन मुख्य सचिव सोमलाल सुवेदीले पदबाट राजीनामासमेत नदिई २०७४ साउन १ देखि एसियाली विकास बैङ्कको वैकल्पिक कार्यकारी निर्देशक पदमा जागिर खान जानुभएको थियो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालीन सचिव दिनेशकुमार थपलियालाई २०७५ चैत ११ मा बसेको संवैधानिक परिषद् बैठकले प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न सिफारिस गरेको थियो । २०७७ कात्तिक १० सम्म पदावधि कायम रहेका तत्कालीन मुख्य सचिव लोकदर्शन रेग्मीले २५ दिनअघि मुख्य सचिवबाट राजीनामा दिनुभयो । मन्त्रीपरिषद्को बैठक बस्नुअघि दिएको राजीनामा स्वीकृत हुनासाथ मन्त्रीपरिषद्ले उहाँलाई बेलायतका लागि नेपाली राजदूतमा सिफारिस गरेको थियो । रेग्मी २०८१ कात्तिक २५ देखि अमेरिकाका लागि बहालवाला नेपाली राजदूत हुनुहुन्छ । अर्का मुख्य सचिव शङ्करदास बैरागीले २०८० जेठ ३१ मा राजीनामा दिएको भोलिपल्टै जेठ ३२ गतेको मन्त्रीपरिषद् बैठकले उहाँलाई राष्ट्रिय सुरक्षा सल्लाहकारमा नियुक्त गरेको थियो ।

२०८१ भदौ १५ मा अनिवार्य अवकाश पाउनुभएकी तत्कालीन मुख्य सचिव लीलादेवी गड्तौलालाई सरकारले यही वैशाख ३१ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा नियुक्त गरेको छ । यी त केही दृष्टान्त मात्र हुन् । सरकारी सेवाबाट अवकाश पाएलगत्तै पुनर्नियुक्ति पाएकाको सूची लामै छ ।

सचिव वा मुख्य सचिवले संवैधानिक पदमा नियुक्ति पाउनुलाई आफ्नो हक ठान्ने गरेका छन् । ती अधिकारीले अवकाशपछि त्यस्ता निकायमा नियुक्तिको लोभमा पदमा बहाल रहेका बेला प्रधानमन्त्री र मन्त्रीको इच्छा अनुसार नीतिगत निर्णय गराएर आफूलाई योग्य प्रमाणित गर्दै आएका छन् । राजनीतिक नेतृत्वलाई खुसी बनाउने नाममा कतिपय विवादास्पद निर्णयसमेत गरेका छन् । यसो हुँदा प्रस्ट रूपमा स्वार्थको द्वन्द्व देखिने भई नै हाल्यो । नेपालको प्रशासन संयन्त्रमा विकृति बढ्नुको प्रमुख कारणमध्ये एउटा यो पनि हो । सेवाग्राहीले कर्मचारीबाट सहयोग पाउनुको सट्टा ससाना काममा पनि अनावश्यक झन्झट र हैरानी बेहोर्नु परेको गुनासो बारम्बार सुनिए पनि सचिव वा मुख्य सचिवले त्यसको सुनुवाइ गरेको पाइँदैन । सचिव वा मुख्य सचिव आफूलाई पानीमाथिको ओभानो देखाउने प्रयास मात्र गर्छन् । यसरी पदमा बहाल रहेका बखत योग्यतामाथि बारम्बार प्रश्न उठाएका त्यस्ता अधिकारी अवकाश पाएको भोलिपल्टै संवैधानिक आयोगका लागि योग्य ठहरिन सक्छन् कि सक्दैनन् ?

## 'कुलिङ पिरियड' को बहस

राज्यव्यवस्था तथा सुशासन समितिले सर्वसम्मतिबाट पारित गरेको सङ्घीय निजामतीसम्बन्धी विधेयक संसद्बाट पारित हुनासाथ सचिव वा मुख्य सचिवबाट सिधै संवैधानिक वा अन्य नियुक्तिको बाटो केही वर्षका लागि बन्द हुने छ । पदमा बहाल छँदा राजनीतिक नेतृत्वसँग स्वार्थको सम्बन्ध स्थापित गर्ने र पदमै रहँदा वा अवकाश पाउनेबित्तिकै अर्को नियुक्तिको ढोका जतिबेला पनि खुला राख्ने विषयमा कर्मचारी माहिर छन् । निजामती कर्मचारीको नेतृत्व चरम अवसरवादी भएपछि राज्यव्यवस्था समितिले 'कुलिङ पिरियड' को अवधारणा ल्याएको हो । निजामती विधेयकमा 'कुलिङ पिरियड' राख्नुका पछाडि कतिपय कारण छन् । राज्यका हरेक निकायमा फैलिएको कर्मचारी संयन्त्रको जालो रोक्नु र माथिल्लो तहका कर्मचारीलाई अनुशासित र जिम्मेवार बनाउन 'कुलिङ पिरियड' आवश्यक भएको हो । 'कुलिङ पिरियड' नहुँदा यसअघि माथिल्लो तहका कर्मचारीले संवैधानिक अङ्ग र राजदूतका निम्ति पदमै रहँदा राजनीतिक नेतृत्वलाई प्रभावमा पारेर पद हात पार्दै आएका थिए ।

पूर्व प्रशासक काशीराज दाहाल नेतृत्वको प्रशासनिक सुधार सुझाव समितिले दस वर्षअघि नै दुई वर्षभन्दा बढी 'कुलिङ पिरियड' हुनुपर्ने सुझाव दिएको थियो । आर्थिक अनुशासन र सार्वजनिक प्रशासनलाई निष्पक्ष र दक्ष बनाउन दाहाल नेतृत्वको समितिले सुझाव दिएको हो । भविष्यको नियुक्तिलाई हेरेर कर्मचारी राजनीतिक शक्तिको नजिक हुन खोज्ने, नेताले आफ्नो अनुकूलको निर्णय गराउन अनुकूलका कर्मचारी खोज्ने प्रवृत्ति अन्त्य नभएसम्म सार्वजनिक प्रशासनमा व्यावसायिकताको आभास पाउन सकिँदैन । आयोगले व्यावसायिक सक्षमता र आर्थिक अनुशासनका लागि पनि कम्तीमा दुई वर्षको 'कुलिङ पिरियड' हुनुपर्ने सुझाव दिएको थियो । समितिले अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरेर सरकारलाई त्यस्तो सुझाव दिएको थियो । हुन पनि अमेरिकामा एकदेखि दुई वर्ष, बेलायतमा दुई वर्ष, सिङ्गापुरमा तीन वर्षको 'कुलिङ पिरियड' सम्बन्धी व्यवस्था रहिआएको छ ।

अन्तर्राष्ट्रिय अभ्यासलाई समेत हेरेर अघि बढाइएको विधेयकमा 'कुलिङ पिरियड' राख्न राज्य व्यवस्था तथा सुशासन समितिको निर्णयलाई चुनौती दिँदै मुख्य सचिव एकनारायण अर्याल, संसद्का महासचिव पद्मप्रसाद पाण्डेयसहित मन्त्रालयका सचिव नै विरोधमा उत्रिएका छन् । यो निर्णयबाट विचलित हुनुभएका उहाँहरूले सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालसँग भेटेर 'कुलिङ पिरियड' हटाउन दबाब दिनुभएको छ । त्यसअघि प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवासहित प्रमुख दलका नेता र समितिका सभापतिलाई भेटेरै विधेयकमा प्रस्तावित प्रबन्ध नहटाए 'असहयोग' गर्ने बताएको समाचार आएका थिए । संसदीय समितिले गरेको निर्णय प्रक्रियाको संसद् का महासचिव पाण्डेयले त नैतिक रूपमा पनि आलोचना गर्न मिल्दैन । मुख्य सचिव, संसद् सचिवालयका महासचिवसहित सचिव व्यक्तिगत स्वार्थको चिन्ताले यसरी हुल बाँधेर हिँडेको विषयलाई लिएर सामाजिक सञ्जालमा अनेकखाले टीकाटिप्पणी सुरु भएका छन् । उहाँहरूमा यस्तो चिन्ता बढ्नुको मुख्य कारण भनेको नजिकिँदो अवकाश नै हो ।

हुन त समितिले विधेयकमा भएको सहमति उल्टाउन नसकिने स्पष्ट सन्देश दिइसकेको छ । संसद्मा पेस गर्ने तयारी भइरहेको विधेयक रोक्न उच्च प्रशासक शीर्ष नेतृत्वको घरदैलो चाहार्दै गर्दा बुझ्नुपर्ने कुरा के हो भने देशका लागि आवश्यक कानुन बनाउने आधिकारिक निकाय सार्वभौम संसद् हो । समितिले सर्वसम्मतिले पारित गरेको विधेयक कसैको स्वार्थमा संशोधन हुन सक्दैन । त्यसो भयो भने सार्वभौम संसद्को अधिकारमाथि ठाडो हस्तक्षेप हुन्छ ।

संवैधानिक आयोग र अन्य नियुक्तिमा आफूलाई हकदार ठानेका अधिकारीले गरेको दाबी अनुसार विज्ञ र अनुभवी भएकाले राज्यले उहाँहरूको क्षमताको उपयोग गर्नु पर्छ । विज्ञ र अनुभवी हुनुहुन्छ भने सरकारी सेवाका दौरान उहाँहरूले देश र जनताका हितका पक्षमा उल्लेख्य के कस्तो काम गर्नुभएको छ, गर्नुभएको थियो त ? हिजोका दिनमा त्यस्तो कुनै काम गर्नुभएको छैन भने नयाँ नियुक्ति पाएपछि उहाँहरूले देश र जनताका लागि त्यस्तो कुन योगदान दिन सक्नुहुन्छ भनेर नागरिक तहबाट अपेक्षा गर्ने ? यसो हुँदा 'कुलिङ पिरियड' सम्बन्धी व्यवस्था लागु हुनासाथ भोलिका दिनमा पदमा बहाल रहेकै अवस्थामा आफ्नो योग्यता र क्षमता देखाउनु पर्छ भन्ने सन्देश जाने छ । होइन भने राजनीतिक पहुँच नभएका तर क्षमतावान् व्यक्तिहरूले यस्ता कुनै पनि अवसर पाउन सक्दैनन् । उनीहरू सधैँ वञ्चित हुनु पर्छ । त्यस कारण पनि निजामती कर्मचारी विधेयकमा दुई वर्षको 'कुलिङ पिरियड' राख्नुलाई असल कार्यको सुरुवात मान्नु पर्छ । 'कुलिङ पिरियड' पछि पनि सरकारले आफूखुसी नियुक्ति नगरी खुला प्रतिस्पर्धाबाट गर्ने व्यवस्था मिलाउन सकेमा संवैधानिक निकायको गरिमा र विश्वसनीयता थप बढ्ने पक्का छ ।

# विद्यालय सञ्चालनमा जवाफदेहिता



• धनसूधन चौलागाईं

आधुनिक समाजमा व्यक्तिले आफ्नो जीवनका लागि आवश्यक ज्ञान, सिप र अभिवृत्ति तथा सामाजिक जीवनका लागि नैतिकता, असल आचरण र व्यवहार विद्यालयबाट सिक्छ । विद्यालय समाजले समाजकै लागि स्थापना गरेको यस्तो पवित्र संस्था हो, जसले आदर्श समाजका लागि मार्गदर्शन र दिशाबोध गर्छ । बालबालिकाको सुन्दर भविष्य निर्माणको गहन अभिभारा बोकेको तथा सार्वजनिक स्रोतको उपयोग गर्ने संस्था भएकाले विद्यालय आफैँमा उदाहरणीय र आदर्श संस्थाका रूपमा स्थापित हुन यसका गतिविधि सरोकारवालाप्रति जवाफदेही हुनु पर्छ । प्रस्तुत लेखमा विद्यालय सञ्चालनमा जवाफदेहिताका संयन्त्र, विद्यमान अभ्यास र सुधारका क्षेत्रबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

विद्यालयका गतिविधि स्थानीय अभिभावक एवं लाभग्राहीसँग जवाफदेही बनाउन विद्यालयले वार्षिक अभिभावकको भेला गराई शैक्षिक, प्रशासनिक र आर्थिक क्रियाकलाप प्रस्तुतीकरण र सोउपर गुनासाको सुनुवाइ तथा सोको सम्बोधन गर्ने गर्नु पर्छ । साथै यस्तो भेलामा विद्यालयका सफलता र असल अभ्यास, कठिनाइ तथा सुधारका उपायबारे छलफल र सुफाव सङ्कलन गर्नु पर्छ । यसबाट विद्यालय विकासका लागि स्थानीय स्रोतको पहिचान र परिचालन तथा विद्यालय सञ्चालनमा स्थानीय सरोकारवालाको सहभागिता भई स्वामित्वभाव अभिवृद्धि हुन्छ ।

शिक्षा नियमावली, २०५९ को दफा १७१ क मा विद्यालयको कामकारबाहीको वार्षिक सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । उक्त नियममा सामाजिक परीक्षण समितिको व्यवस्थासमेत रहेको छ । विद्यालयको सामाजिक परीक्षण मापदण्ड, २०७८ ले सामाजिक परीक्षणसम्बन्धी प्रक्रियागत व्यवस्था गरेको छ । जसमा सामाजिक परीक्षण समितिले आवश्यक सहयोगका लागि विज्ञसहितको प्राविधिक उपसमिति गठन गर्न सक्ने, उक्त उपसमितिले तयार गरेको प्रतिवेदनसमेतका आधारमा समितिले प्रतिवेदन तयार गरी सरोकारवालाको भेला गराई छलफल गर्ने र प्राप्त सुझावसमेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने र कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिसमक्ष पेस गर्ने व्यवस्था छ । यसबाट विद्यालयको शैक्षिक, प्रशासनिक र आर्थिकलगायत समग्र पक्षबारे सरोकारवाला सुसूचित भई पारदर्शिता प्रवर्धनमा मद्दत पुग्छ । त्यसले विद्यालय गतिविधिमा सरोकारवालाको स्वामित्व र अपनत्व स्थापित तथा सहभागिता अभिवृद्धि गराउँछ । विद्यालय विकासका लागि समुदायमा सहयोगी वातावरण निर्माण हुन्छ । सामाजिक परीक्षण विद्यालयको जवाफदेहिता प्रवर्धन गर्ने एक महत्वपूर्ण उपकरण हो ।

विद्यालयमा उपलब्ध स्रोत उपयोगलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको कसीमा राखेर लेखाजोखा गर्ने पद्धति लेखापरीक्षण हो । यसबाट स्रोतको उद्देश्यमूलक उपयोग गर्न, वित्तीय जोखिम कम गर्न, खर्चलाई निर्दिष्ट प्रक्रिया र कार्यमा केन्द्रित गर्न, अख्तियारप्राप्त व्यक्तिलाई उत्तरदायी बनाउन मद्दत पुग्छ । हामीकहाँ विद्यालयसँग सम्बन्धित बेरुजु दिनानुदिन बढिरहेको छ । कतिपय विद्यालयको आर्थिक क्रियाकलापसम्बन्धी विषयलाई लिएर नियमनकारी निकायमा उजुरीको सङ्ख्या बढ्दो छ । यसले विद्यालय सुशासनमा चुनौती खडा गरिरहेको छ । विद्यालय लेखापरीक्षणलाई व्यवस्थित, नियमित र मापदण्डमा आधारित

बनाई समयमै लेखापरीक्षण सम्पन्न गर्ने, औँल्याइएका कैफियत समयमै सुधार गरी विद्यालयको वित्तीय सुशासनलाई सुदृढ बनाउन अपरिहार्य छ ।

कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी हालको व्यवस्था प्रभावकारी हुन सकेको छैन । शिक्षक तथा कर्मचारीको कामको वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गरी यसलाई उनीहरूको सुविधा र वृत्ति विकाससँग आबद्ध गर्नु पर्छ । शिक्षक र प्रधानाध्यापक विद्यार्थीको शैक्षिक उपलब्धिका सम्बन्धमा विद्यार्थी र अभिभावकप्रति उत्तरदायी हुनुपर्ने प्रणालीको विकास आवश्यक छ ।


शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालय शिक्षाको गुणस्तर सुधारका निमित्त प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्न र जवाफदेहिता वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालयको कार्यसम्पादन परीक्षण गर्दै आएको छ । यस अन्तर्गत सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण, स्वपरीक्षणमा सहजीकरण र नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षण जस्ता कार्य हुँदै आएका छन् । केही विद्यालयलाई नमुनाका रूपमा छनोट गरी गरिने यस्ता परीक्षणबाट मात्र सबै विद्यालयको स्तर पहिचान र गुणस्तर सुधार गर्न सकिँदैन । यसका लागि सम्बन्धित स्थानीय तहमार्फत सबै विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमै स्वपरीक्षणलाई अनिवार्य संस्कारका रूपमा अवलम्बन गर्ने र यस्ता स्वपरीक्षणमध्ये केहीको स्थानीय तहबाट सत्यापन गरी यसको विश्वसनीयता सुनिश्चित गर्ने गर्नु पर्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नियमित प्रत्येक स्थानीय तहका कम्तीमा पाँच प्रतिशत विद्यालय कार्यसम्पादनको बाह्य परीक्षण गरी प्रतिवेदन तथा सोको प्रबोधीकरण गर्ने व्यवस्था गर्नु पर्छ । कार्यसम्पादन परीक्षणका प्रतिवेदनले औँल्याएका विषयलाई विद्यालय सुधार योजनामा समावेश गरी सुधारका तत्कालीन र दीर्घकालीन रणनीति बनाई कार्यान्वयन गर्ने व्यवस्था हुन आवश्यक छ । यससम्बन्धी स्थानीय तहका कर्मचारीको क्षमता विकास र स्थानीय तहको संस्थागत क्षमता विकास पनि अपरिहार्य छ ।

विद्यालयमा प्रत्येक बालबालिकाको क्षमता, विशिष्टता एवं विविधता र आवश्यकतालाई सम्बोधन गरी सबैलाई बालमैत्रीपूर्ण वातावरणमा सिक्ने अवसर सुनिश्चित गर्नु पर्छ । विद्यालयमा बालबालिकाका कठिनाइ र अप्ठेरा पहिचान र तिनको निराकरण गर्ने प्रबन्ध गर्नु पर्छ । विद्यालय, शिक्षक र समकक्षी साथीसँग सम्बन्धित गुनासा हुन सक्छन्, जसले बालबालिकाको प्रतिभाको प्रस्फुटन र सिक्ने अवसरमा व्यवधान पुऱ्याइरहेको हुन सक्छ । शिक्षकको व्यवहार, विद्यालयको शैक्षिक तथा भौतिक वातावरण, साथीसङ्गीको व्यवहार र यसबाट बालबालिमा परेको कठिनाइसम्बन्धी विद्यार्थीमा खुला वा सुषुप्त गुनासा हुन सक्छन् । गुनासो सुनुवाइ निर्देशिका, २०७४ को सबै विद्यालयबिच प्रबोधीकरण हुन नसक्दा यसको कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको छैन । निर्देशिकाबमोजिम एक जना शिक्षकलाई गुनासो सुन्ने जिम्मेवारी दिई सोको सम्बोधन गर्ने व्यवस्था हुन आवश्यक छ । यसबाट विद्यालय सञ्चालन र शिक्षण सिकाइलाई जवाफदेही र सिकाइका आधुनिक मान्यता अनुकूल बनाउन सकिन्छ ।

प्रधानाध्यापक, शिक्षक र कर्मचारीले आफ्नो पेसा अनुरूपको आचरण, व्यवहार, कार्यसम्पादनमा इमानदारी र निष्पक्षता कायम राख्नु पर्छ । शिक्षा नियमावली, २०५९ मा रहेको शिक्षकको आचारसंहिता पर्याप्त र यसको परिपालना सन्तोषजनक छैन । परिवर्तित सन्दर्भ अनुकूल शिक्षक तथा कर्मचारीको पेसागत आचारसंहिताको निर्माण गरी लागु गर्नु पर्छ । शिक्षक र कर्मचारीको आचारसंहिता परिपालनाको प्रधानाध्यापकले र प्रधानाध्यापकको व्यवस्थापन समितिले अनुगमन गर्ने व्यवस्था गर्नु पर्छ । शिक्षक कर्मचारी र व्यवस्थापन समितिले आचारसंहिता पालना गरे/नगरेको स्थानीय तहको शिक्षा हेर्ने निकायले बाह्य अनुगमन गर्ने सक्षम संयन्त्रको व्यवस्था गर्नु पर्छ । आचारसंहिता परिपालनालाई शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन र वृत्ति विकास तथा सुविधासँग आबद्ध गर्न सकिएमा शिक्षक कर्मचारीलाई पेसाप्रति जवाफदेही बनाउन सकिन्छ ।

निजी लगानीका विद्यालयले राष्ट्रिय पाठ्यक्रमको प्रयोग गरे/नगरेको, मापदण्डबमोजिम शुल्क निर्धारण गरे नगरेको, कानुनबमोजिम छात्रवृत्ति दिए/नदिएको, भौतिक पूर्वाधार र सिकाइ वातावरण, नियुक्त शिक्षकको योग्यता र पारिश्रमिक, विद्यार्थी मूल्याङ्कन तथा आयव्ययको अभिलेख तथा सोको लेखपरीक्षण जस्ता विषयमा नियमन गरी जवाफदेही बनाउनु पर्छ ।

# दुई हप्तामा डेंगु सङ्क्रमण बढ्ने




झापा(प्रस) । नेपालमा पछिल्लो केही वर्षयता डेंगु सङ्क्रमण जनस्वास्थ्य समस्याका रुपमा देखा पर्दै गइरहेको छ । सन् २०१९ देखि देशका विभिन्न स्थानमा डेंगु सङ्क्रमण महामारीका रुपमा देखा पर्दै आइरहेको छ । मनसुन सुरु भएसँगै नेपालमा किट जन्य रोगको जोखिम बढ्ने गर्छ । यो वर्ष पनि डेंगु सङ्क्रमण अन्य वर्षको तुलनामा बढी देखिने आँकलन गरिएको छ ।

सरुवारोग विशेषज्ञ डा.शेरबहादुर पुनले यो वर्ष प्रिमनसुनमा नै धेरै पानी परेकाले अन्य वर्षको तुलनमा बढी डेंगु सङ्क्रमण पुष्टि हुने जानकारी दिए ।

अबको दुई हप्तामा डेंगु सङ्क्रमण बढ्ने उनको भनाइ छ । उनले भने, "यो वर्ष धेरै पानी पर्ने आँकलन गरिएकाले डेंगु सङ्क्रमण अन्य वर्षको तुलनामा बढी देखिन सक्छ । अबको दुई हप्ताबाट विस्तारै डेंगु सङ्क्रमण बढ्न सक्छ ।"
घाम लाग्ने पानी पर्ने मौसममा डेंगु गराउने लामखुट्टेले फुल पारेर बच्चा निकाल्ने अनुकूल वातावरण हो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का किट रोग नियन्त्रणशाखाका प्रमुख डा. गोकर्ण दाहालले गत वर्षको तुलनामा हालसम्म निकै कम सङ्क्रमित पुष्टि भएको जानकारी दिए ।

उनका अनुसार यो वर्ष डेंगु सङ्क्रमण बढ्छ कि भन्ने अनुमान गरेको भए पनि गत वर्षको तुलनामा डेंगु सङ्क्रमितको संख्या आधाभन्दा कम पुष्टि भएको छ । दाहाल भन्छन्, "तीन वर्षको तथ्याङ्क हेर्दा यो वर्ष अहिलेसम्म कम डेंगु सङ्क्रमण पुष्टि भएको छ । पानी पर्न थालेको १५ दिन भयो अहिलेसम्म डेंगु 'आउन ब्रेक' भएको सुन्नमा आएको छैन "उनले भने ।

## पूर्व राजा...

टि इस्टेटको मिनी दरबारमा बसेका छन् । उनी जेठ २५ गतेसम्म झापामा रहने बुझिएको छ ।
राजावादीहरुले यही जेठ १५ गतेदेखि राजधानीमा अनिश्चितकालीन आन्दोलन गर्ने भएका छन् । त्यसका लागि राप्रपाका कार्यकर्ताहरु राजधानीतर्फ जान थालेका छन् । आइतवार करिव सयजना युवा कार्यकर्ता राजधानी गएको राप्रपा झापाका अध्यक्ष केशव ओझाले बताए । सोमवार राजधानीमा पार्टी अध्यक्षसंग युवाहरुको साक्षात्कार कार्यक्रम रहेकाले युवाहरु अगाडि नै गएको उनले बताए ।

जेठ १५ गतेको आन्दोलनका लागि झापाबाट करिव हजारको संख्यामा नेता कार्यकर्ता जाने अनुमान गरिएको छ ।

## एकैदिनमा...

ओलीको उत्तेजनापूर्ण अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। आयोगले जिम्मेवार व्यक्तिले आफ्नो अभिव्यक्ति दिँदा संयमित हुन, अरु व्यक्ति, समूह वा पार्टीलक्षित नकारात्मक टीका टिप्पणी नगर्न, सुरक्षा निकायले राजधानीलगायतका क्षेत्रको शान्तिसुरक्षालाई मजबूत बनाउन तथा आफ्ना विरोध र प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आग्रह गरेको छ।

आयोगका प्रवक्ता टीकाराम पोखरेलले सोमबार विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री ओलीले एक कार्यक्रममा 'जेठ १५ गते एघार बजेदेखि दुई बजेसम्म काठमाडौं नेकपा एमालेको नियन्त्रणमा हुनुपर्छ 'भन्ने लगायतका अभिव्यक्ति दिँदै त्यसका लागि एमाले कार्यकर्तालाई तयार रहन दिएको निर्देशनपूर्ण अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाएका छन्। 'देशको शान्ति सुरक्षा र अमनचयन कायम गर्ने जिम्मेवारी सरकारका सुरक्षा निकायको हुँदाहुँदै लोकतान्त्रिक मुलुकमा कुनै पनि पार्टी विशेषबाट कुनै पनि क्षेत्र कब्जामा लिनु भनेको विधिको शासन विपरित हुनुका साथै, निषेधलाई प्रश्रय दिनु हो भन्ने आयोगको बुझाई छ,' विज्ञप्तिमा भनिएको छ, 'शान्तिपूर्ण तवरबाट विचार र अभिव्यक्ति राख्न नेपालको संविधान र कानूनले निषेध गरेको छैन। यस परिस्थितिमा अरुको विचार, अभिव्यक्ति र प्रदर्शनप्रति लक्षित गरी सम्माननीय प्रधानमन्त्रीबाट आएको उक्त अभिव्यक्ति चिन्ताजनक छ।'

आयोगले जुनसुकै व्यक्ति, समूह र पार्टीलाई आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रता भए पनि अरुप्रति सक्षित गरी मुठभेड निम्तिन सक्ने गरी उत्तेजनापूर्ण अभिव्यक्ति आउनु मानव अधिकारका मूल्यमान्यताको समेत विपरीत भएको जनाएको छ।

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काकरभिट्टा,कोशी प्रदेश

# धितो लिलामी सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/२/१३

यस संस्थाको विभिन्न सेवा केन्द्रबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैङ्किङ सुविधाको साँवा,ब्याज र अन्य दस्तुरसमेत यस सहकारी संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा तथा बैङ्किङ सुविधासम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले संस्थामा कर्जा सुरक्षणवापत रोक्का रहेको तपशिल अनुसारको धितो लिलामीका लागि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाका कार्यालयमा सम्पर्क राखी संस्थावाट लिएको कर्जा तथा बैङ्किङ सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जा तथा बैङ्किङ सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३,संस्थाको स्वीकृत विनियम २०५०(पुनर्लेखन २०७७) र कर्जा सम्बन्धी आन्तरिक कार्यविधि २०७१ (संशोधन २०८१),धितो लिलाम सम्बन्धी आन्तरिक कार्यविधि २०७७ (संशोधन २०८१)समेतलाई आधार मानी प्रचलित कानुन बमोजिम यस संस्थासँग गरेको लिखत अनुसार ऋणी, प्रोपाईटर/संचालक तथा धितो जमानतकर्ता समेतलाई कालोसूचीमा राखी कानुनी कारवाही गरी संस्थाको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिकी समेत गरी असुल उपर गरिनेछ । तपशिलमा उल्लेखित धितोको लिलाम बिकी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनपछि सस्थाको तर्फबाट धितो लिलाम बिक्री सम्बन्धी कार्यक्रमको मिति उल्लेख गरि पत्राचार गरिने छ । साथै धितो लेखिदिने र व्यक्तिगत जमानी दिनुहुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनुहुन सूचित गरिन्छ । धितो लिलामी कार्यक्रमका दिन सम्बन्धित जग्गाधनी र ऋणी समेत उपस्थिति हुनुपर्ने छ । धितो लिलामी कार्यक्रमका दिन जग्गाधनी र ऋणी अनुपस्थित भएमा लिलामी प्रक्रियामा बाधा पुगेको मानिने छैन ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | जग्गाधनीको नामथर | जग्गाधनीको बाबुको नाम | जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विजय शाह | भद्रपुर-६ | कैलाश शाह | नन्दलाल शाह | निरु शाह | विजय शाह | कैलाश शाह | भद्रपुर-८ | २९ | २०७.३९ व.मि | भद्रपुर |
| २. | दल बहादुर श्रेष्ठ | भद्रपुर-५ | हर्क बहादुर श्रेष्ठ | रत्न बहादुर श्रेष्ठ | लिलाकुमारी मास्के | दल बहादुर श्रेष्ठ | हर्क बहादुर श्रेष्ठ | महेशपुर-१ | ४४९८ | ५०७.९६ व.मि | भद्रपुर |
| ३. | श्री प्रसाद माझी | भद्रपुर-४ | उतमलाल माझी | मिठालाल माझी | अरुणा राजवंशी | श्री प्रसाद माझी | उतमलाल माझी | महेशपुर-१ | ४५३२ | ४५२.९३व.मि | भद्रपुर |
| ४. | गाबिन्दलाल श्रेष्ठ | भद्रपुर-५ | हर्क बहादुर श्रेष्ठ | रत्न बहादुर श्रेष्ठ | राधिका श्रेष्ठ | गाबिन्दलाल श्रेष्ठ | हर्क बहादुर श्रेष्ठ | महेशपुर १ | ४४९९ | ५०७.९६ व.मि | भद्रपुर |
| ५. | सुश्री पुष्पाकुमारी राई | भद्रपुर-६ | कुल बहादुर राई | पृथ्वी बहादुर राई | रुपेस श्रेष्ठ | सुश्री पुष्पा कुमारी राई | कुल बहादुर राई | भद्रपुर १२ | ८४,५० | ५३.८७,१९५.८५ व.मि | भद्रपुर |
| ६. | मानबहादुर तामाङ | कचनकवल-२ | रामकुमार तामाङ | पुर्ण बहादुर तामाङ | मनमाया तामाङ | डोलमाया तामाङ | टिकाराम तामाङ | पथरिया-८ | ३६८९ | १०१६ | पथरीया |
| ७. | सुकमाया राई | कचनकवल-४ | सन्तबहादुर गुरुङ | धनराज गुरुङ | पञ्चमान राई | सुकमाया राई | सन्तबहादुर गुरुङ | केचना-२ | २४६ | ६३९५ | पथरीया |
| ८. | टिमलाल राजबंशी | बाह्रदशी १ | सुरन राजबंशी | हरमरिया राजबंशी | एन्जल राजबंशी | एन्जल राजबंशी | पारस कुमार राई | अनारमनी १ | ९१३ | ५७५.६९ | राजगढ |
| ९. | प्रेम प्रसाद राजबंशी | बाह्रदशी ३ | भिम नारायण राजबंशी | रामु राजबंशी | दमन्ती राजबंशी | प्रेम प्रसाद राजबंशी/ तालोसरी राजबंशी | फागुलाल राजबंशी / भिम नारायण राजबंशी | राजगढ ५ | १४२९ १४३१ | ६७७.२६ ११००.४८ | राजगढ |
| १०. | कमलदिप नारायण गणेश | बाह्रदशी ४ | काली प्रसाद गणेश | हरीलाल गणेश | दिपान्जली गणेश | ठन्डा कुमारी गणेश | लारुलाल गणेश | चकचकी ३ | ४६८ | ५०७.९६ | राजगढ |
| ११. | गायक प्रसाद राजबंशी | बाह्रदशी ३ | गंगा प्रसाद राजबंशी | धजवार राजबंशी | गुडी जसवाल | गायक प्रसाद राजबंशी | गंगा प्रसाद राजबंशी | चकचकी ३ | ४६८ | ५०७.९६ | राजगढ |
| १२. | उदव भेटवाल | हल्दिवारी ०४ | पदम प्रसाद भेटवाल | प्रमानन्द भेटवाल | तनुजा भेटवाल | उदव भेटवाल | पदम प्रसाद भेटवाल | हल्दिवारी १ ख | ३२१९ ३३९९ ३२२० | १०१५.८९ ६२६.४४ १०१५.८९व.मि. | बडाबारी |
| १३. | तिलमाया न्यौपाने | हल्दिवारी ०३ | रेशमबहादुर न्यौपाने | | गिरिराज बस्नेत | तिलमाया न्यौपाने | रेशमबहादुर न्यौपाने | हल्दिवारी २ | २२२० | ०-१०-०-० विघा | बडाबारी |
| १४. | अम्बीका प्रधान खत्री | हल्दिवारी ०३ | रुद्र कुमार प्रधान | नर बहादुर प्रधान | कुशलबहादर खत्री | अम्बीका प्रधान खत्री | रुद्र कुमार प्रधान | हल्दिवारी २ क | ३५५४ | १३५४.५२ व.मी | बडाबारी |
| १५. | मन बहादुर लिम्बु | भद्रपुर १ | हिमाल ध्वज लिम्बु | मखलाल लिम्बु | ज्योति लिम्बु | मान बहादुर लिम्बु | हिमालध्वज लिम्बु | पृथ्वीनगर ९ | ४८३ | ६५७.७४ | बनियानी |
| १६. | ज्योती आङ्गदम्वे | मेचीनगर ८ | धन बहादुर आङ्गदम्वे | मरिचमान आङ्गदम्वे | बाबा लिम्बु | करमती लिम्बु/आमा | मनविर लिम्बु | नकलबन्दा ७ | ७८ | १६९३.१५ वर्ग मि | चन्द्रगढी |
| १७. | प्रमोद राई | कमल ५ | जसमान राई | मन बहादुर राई | सुजा राई | प्रमोद राई | जसमान राई | शिवगन्ज ७ | २२०१९ | ३३८.६४ वर्ग मि | चन्द्रगढी |
| १८. | बिष्णु प्रसाद सिग्देल | हल्दिबारी १ | गोपिकृष्ण सिग्देल | डिल्लीराम सिग्देल | - | बिष्णु प्रसाद सिग्देल | गोपिकृष्ण सिग्देल | हल्दीबारी ८, राजगढ १ | २६११, ७०२, १९०२, १९०५, १९०८, ६९७ | ७११.१२, २१४५.००, १३५४.५२, २२६८.६२, ५०७.९४, २२०.०० वर्ग मि | चन्द्रगढी |
| १९. | अम्बर बहादुर कार्की | बिर्तामोड ८ | मान बहादुर कार्की | हस्त बहादुर कार्की | मन्जु कुमारी राजवंशी | जानुका देवी कार्की/आमा छोरा | नैन बहादुर कार्की | राजगढ ४ | २७६६, २७६८ | ४६५.००, ८८९.५५ वर्ग मि | चन्द्रगढी |
| २०. | ईश्वरी श्रेष्ठ | दमक १५ | ईन्द्र कुमार श्रेष्ठ | नन्दलाल श्रेष्ठ | पथर बहादुर राना राई | ईश्वरी श्रेष्ठ | ईन्द्र कुमार श्रेष्ठ | महेशपुर ३ | २९४१ | ३३८६.३० वर्ग मि | चन्द्रगढी |
| २१. | सागर हमाल | भद्रपुर १ | महेश्वर बहादुर हमाल | मित प्रसाद उपाध्याय | सम्झना गुरुङ्ग | सम्झना गुरुङ्ग | भनु गुरुङ्ग | पृथ्वीनगर ७ | १८८ | २६२.५० वर्ग मि | चन्द्रगढी |
| २२. | सम्झना गुरुङ्ग | अर्जुनधारा ५ | भनु गुरुङ्ग | टिक बहादुर गुरुङ्ग | सागर हमाल | सम्झना गुरुङ्ग | भनु गुरुङ्ग | पृथ्वीनगर ७ | १८८ | २६२.५० वर्ग मि | चन्द्रगढी |
| २३. | जगत बहादुर विष्ट | बिर्तामोड ७ | शेर बहादुर विष्ट | वृर्ख बहादुर विष्ट | टिकामाया मुखिया | शेर बहादुर विष्ट | बिर्ख बहादुर बिष्ट | गरामनी २ | २६००, २८०० | ५३५०.५ वर्ग मि | चन्द्रगढी |
| २४. | रेणुका ढुङ्गाना | भद्रपुर १० | बिष्णु प्रसाद न्यौपाने | इश्वरी प्रसाद न्यौपाने | गेयनाथ ढुङ्गाना | गेयनाथ ढुङ्गाना | प्रेम निधी ढुङ्गाना | शिवगञ्ज ७ | १०५७ | ८४६.५६ | चन्द्रगढी |
| २५. | सिर्जु श्रेष्ठ | बिर्तामोड १ | शैलेन्द्र कुमार श्रेष्ठ | शेर बहादुर श्रेष्ठ | - | सिर्जु श्रेष्ठ | शैलेन्द्र कुमार श्रेष्ठ | चन्द्रगढी ६ | ५६४९, ५६५१ | ६३.४९, ५६२.९५ | चन्द्रगढी |
| २६. | लक्ष्मी प्रसाद ढकाल | हल्दिबारी ४ | ढुण्डीराज ढकाल | कृती प्रसाद ढकाल | राधा देवी ढकाल | ढुण्डीराज ढकाल | कृती प्रसाद ढकाल | हल्दीबारी ३ | १८४६ | ४०६३.६७ | चन्द्रगढी |
| २७. | सकुन्तला देवी पौडेल | भद्रपुर ७ | भगत प्रसाद पौडेल | देवी चरण पौडेल | गोकर्ण बहादुर थापा | सकुन्तला देवी पौडेल | भगत प्रसाद पौडेल | चन्द्रगढी ६ | ५९६३, ५९५९, ५९६१ | १६०.८५, १२६.९९, ५०.८० वर्ग मि | चन्द्रगढी |
| २८. | बिमला देवी न्यौपाने | हल्दिबारी २ | नरेश्वर न्यौपाने | नन्दीकेशर न्यौपाने | राजिन्द्र ढकाल | बिमला देवी न्यौपाने | नरेश्वर न्यौपाने | हल्दीबारी ९ | २४६४, २० | ३३८.६, १६९३ वर्ग मि | चन्द्रगढी |
| २९. | ज्योती आङ्गदम्वे | मेचीनगर ८ | धन बहादुर आङ्गदम्वे | मरिचमान आङ्गदाम्वे | बाबा लिम्बु | करमती लिम्बु/आमा | मनविर लिम्बु | नकलबन्दा ७ | ७८ | १६९३.१५ वर्ग मि | चन्द्रगढी |
| ३०. | अन्जु ओली | हल्दिबारी ०१ | कोमल प्रसाद पन्त | नन्दलाल पन्त | टिकाराम ओली | टिकाराम ओली | कृष्ण प्रसाद ओली | राजगढ ०९ | ३१०५, ३१०६ | ०-२-०-० ०-४-१०-० | गोलधाप |
| ३१. | सविना शेर्मा लिम्बु | बाह्रदशी ०५ | लुकेन्द्र शेर्मा | भिम बहादुर शेर्मा | शम्भु लिम्बु | यम कुमारी राई | रुपध्वज राई | चकचकी ०७ | २६०८ ३८४० ४५१२ | ०-६-०-० ०-१-१०-० ०-१०-०-० | गोलधाप |
| ३२. | गोपाल कुमार सुनुवार | बिर्तामोड-५ | राई बहादुर सुनुवार | विष्णु लाल सुनुवार | बबिता राई | बबिता राई | धन बहादुर राई | अनारमनी-३ शिवगञ्ज-९ शिवगञ्ज-९ शिवगञ्ज-९ | २०५ ८६२ ८६४ ८६६ | २२४.३२ ७१९.६१ ८४६.४६ १६९२.९२ | बिर्तामोड |

❖ बाँकी अन्तिम पृष्ठमा

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।